☎ ०७८-५४०१७०, ५४१११६ फ्याक्स : ०७८-५४०४१५
E-mail : info@kawasotimun.gov.np
Website : kawasotimun.gov.np

# कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)
गण्डकी प्रदेश, नेपाल

च.नं.: २८८
प.सं.: २०८२/०८३

मिति : २०८२/०५/०१
ने.सं. : ११४५ गुंलागा, ९ आइतबार

**विषय : भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले अन्तिम पटकको लागि निवेदन दिने सम्बन्धी ३५ दिने सूचना ।**

श्री : वडा कार्यालय (सबै)
कावासोती नगरपालिका ।

प्रस्तुत विषयमा भूमि समस्या समाधान आयोग, जिल्ला समिति नवलपरासी (ब.सु.पू.) को च.नं.३१ मिति २०८२/०५/०१ को पत्रसाथ संलग्न भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले अन्तिम पटकको लागि निवेदन दिने सम्बन्धी ३५ दिने सूचना यसै पत्रसाथ संलग्न गरी जानकारीको लागि पठाइएको व्यहोरा अनुरोध छ ।

२०८२/०५/०१
..........................
राजन पाण्डे
नि.प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

भूमि समस्या समाधान आयोग

# जिल्ला समिति, नवलपरासी(ब.सु.पू)

पत्र संख्या:- २०८२/०८३

चलानी नं. ३१

मितिः २०८२।०५।०१

नेपाल संवत ११४५,गुंलागा,९आईतवार

विषयः- सूचना प्रकाशनको जानकारी सम्वन्धमा ।

श्री स्थानिय तहहरु सवै, नवलपरासी (वर्दघाट सुस्ता पूर्व) ।

उपर्युक्त विषयमा श्री भूमि समस्या समाधान आयोगद्वारा मिति २०८२।०४।३० गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना अनुसार मिति २०७७।०२।२९ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिवाट वितरण गरेका जग्गाहरुको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजात सहित विगतका आयोग, समिति कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्वन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस जिल्ला समितिको सचिवाययमा सूचना प्रकाशन भएको मितिले ३५(पैतिस) दिन भित्र निवेदन पेश गर्नु हुन भन्ने व्यहोरा साथै भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीलाई जग्गा उपलब्ध गराउने कार्यविधि, २०८१ को दफा ८ मा व्यवस्था भए अनुसार सो प्रयोजनको लागि भूमिहीन दलित र भूमिहीन सुकुम्वासीको हकमा अनुसूची ३ बमोजिमको ढाँचामा रातो रंगको फाराम र अव्यवस्थित बसोवासी व्यवस्थापनको लागि अनुसूची ४ बमोजिमको ढाँचामा सेतो रंगको फाराम भरी भूमि लगत संकलक टोली मार्फत स्थानिय तहमा सूचना प्रकाशन भएको मितिले ३५ (पैतिस) दिन भित्र निवेदन पेश गर्नु हुन भनी सूचना आएकोले ताहाँ पालिका अन्तरगतका वडाहरुमा उपरोक्त मितिको सूचना अनुसार विगतको अधुरा अपुरा बाँकी कामको लागि वडावाट हकभोगको सिफारिस लिई जिल्ला समितिको सचिवालयमा मिति २०८२।०६।०२ गते सम्म अनुसूची २ अनुसारको फाराम भरी निवेदन पेश गर्न लगाउने र भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित लाभग्राहीहरुले नयाँ कामको लागि तहाँ स्थानिय तहहरुमा निवेदन पेश गर्न कोही वडावासी लाभग्राहीहरु बाँकी भए मिति २०८२।०६।०२ गते सम्म निवेदन पेश गर्ने प्रयोजनमा ताहाँ अन्तरगतका वडा कार्यालयहरु मार्फत जानकारी गराइ दिनु भई थप लगत संकलन हुन वाट अब बाँकी नराखी दिनु भइ सहयोग हुन् मिति २०८२।०४।३० गतेका दिन गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचनाको छाँया प्रति यसै पत्र साथ संलग्न गरि पठाइएको व्यहोरा अनुरोध गरिन्छ ।

सदस्य-सचिव

श्री भूमी व्यवस्थापन शाखा।
फाइसार सबै वडामा पत्राचार हुन।

कावासोती नगरपालिका
दर्ता नं. ३०५
दर्ता मिति: २०८२/०५/०९

वडामा परिपत्र गर्ने

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।